# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५ ) काठमाडौं, जेठ २८ गते २०५२ साल (अतिरिक्ताङ्क ५

## भाग ३

श्री ५ को सरकार

## सूचना तथा संचार मन्त्रालयको सूचना

### राष्ट्रिय प्रसारण नियमावली, २०५२

राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "राष्ट्रिय प्रसारण नियमावली, २०५२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा, -

(क) "ऐन" भन्नाले राष्ट्रिय प्रसारण ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "अनुमतिपत्र" भन्नाले ऐनको दफा ९ को उपदफा (२) बमोजिम स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसार केन्द्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

62

स्थापना गरी कार्यक्रम प्रसारण गर्न दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ग) "अन्य संचार माध्यम" भन्नाले स्याटेलाइट तथा केबुलबाहेकका अन्य संचार माध्यम सम्झनु पर्छ र सो शब्दले मल्टि च्यानेल माइक्रोवेभ डिष्ट्रीव्युसन सिष्टम (एम.एम.डी.एस.) तथा अप्टिकल फाइवर ट्रान्समिशन प्रणाली समेतलाई जनाउँछ ।

(घ) "उपभोक्ता" भन्नाले इजाजतपत्र तथा अनुमतिपत्र प्राप्त प्रसारण संस्था वा व्यक्तिको संचार सेवा उपभोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले श्री ५ को सरकार, सूचना तथा संचार मन्त्रालय सम्झनु पर्छ ।

३. <u>इजाजतपत्रको लागि निवेदन दिनु पर्ने</u> : ऐनको दफा ५ बमोजिम स्याटेलाइट, केबुल वा अन्य संचार माध्यमद्वारा कुनै कार्यक्रम प्रसारण गर्न वा फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी कुनै कार्यक्रम प्रसारण गर्न इजाजतपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले नियम ७ को उप-नियम (१) बमोजिमको दस्तूर सहित क्रमशः अंनुसूची-१ (क) र अनुसूची-१ (ख) बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

४. <u>इजाजतपत्र दिन सकिने</u>: नियम ३ बमोजिम इजाजतपत्रको लागि कुनै निवेदन पर्न आएमा मन्त्रालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निवेदकलाई इजाजतपत्र दिन हुने देखिएमा नियम ७ को उप-नियम (२) बमोजिमको दस्तूर लिई स्याटेलाइट, केबुल वा अन्य संचार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्न वा फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्नको लागि क्रमशः अनुसूची-२ (क) र अनुसूची-२ (ख) बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. भू-उपग्रह प्रसार केन्द्रको स्थापना गरी कार्यक्रम प्रसारण गर्न अनुमतिपत्र लिनु पर्ने : ऐनको दफा ९ को उपदफा (१) बमोजिमका कुनै व्यक्ति वा संगठित संस्थाले स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कुनै कार्यक्रम प्रसार गर्न चाहेमा अनुमतिपत्रको लागि नियम ७ को उप-नियम (१) बमोजिमको दस्तूर सहित अनुसूची ३ बमोजिमको ढाँचामा मन्त्रालयसमक्ष निवेदन दिनु पर्नेछ ।

६. अनुमतिपत्र दिन सक्ने: नियम ५ बमोजिम अनुमतिपत्रको लागि कुनै निवेदन पर्न आएमा मन्त्रालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निवेदकलाई स्याटेलाइट तथा केवुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्नको लागि अनुमतिपत्र दिन हुने देखिएमा नियम ७ को उपनियम (२) बमोजिमको दस्तूर लिई अनुसूची ४ बमोजिमको ढाँचामा अनुमतिपत्र दिन सक्नेछ ।

७. निवेदन र इजाजतपत्र तथा अनुमतिपत्र बापत लाग्ने दस्तूर: (१) इजाजतपत्र तथा अनुमतिपत्रको लागि निवेदन दिंदा अनुसूची - ५ (क) मा उल्लेख भएबमोजिम दस्तूर लाग्नेछ ।

(२) इजाजतपत्र तथा अनुमतिपत्र दिंदा लाग्ने दस्तूर अनुसूची - ५ (ख) मा उल्लेख भएबमोजिम हुनेछ ।

८. कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले पालन गर्नु पर्ने शर्तहरू: इजाजतपत्र तथा अनुमतिपत्र प्राप्त प्रसारण संस्था वा व्यक्तिले कार्यक्रम प्रसारण गर्दा नियम ९ को अधिनमा रही देहायका शर्तहरू पालन गर्नु पर्नेछ :

(क) कार्यक्रम प्रसारण वा वितरण गर्दा सम्बन्धित प्रसारण संस्था वा व्यक्तिको सहमति लिनु पर्ने ।

(ख) एउटा प्रसारण संस्था वा व्यक्तिले प्राप्त गरेको इजाजतपत्र वा अनुमतिपत्र अन्य कुनै व्यक्ति वा संस्थालाई बिक्री गर्न वा अन्य कुनै तरिकाले हक हस्तान्तरण गर्न नपाइने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) इजाजतपत्र तथा अनुमतिपत्रमा उल्लेखित कार्यक्रमबाहेकका अन्य कुनै कार्यक्रम प्रसारण वा वितरण गर्न नपाइने ।

(घ) चारभन्दा कम च्यानेलबाट कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफ्नो कार्यक्रम प्रसारण गर्ने समयको एक चौथाई र चार वा सो भन्दा बढी च्यानेलबाट कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले कम्तिमा एक च्यानेलबाट श्री ५ को सरकारको स्वामित्वमा रहेको प्रसारण संस्थासंग सम्झौता गरी उक्त संस्थाको कार्यक्रम प्रसारण गर्नु पर्ने ।

(ङ) आपत्कालीन वा दैवी प्रकोपको समयमा मन्त्रालयबाट निर्देशन भएमा एक पटकमा पाँच मिनेटसम्म र दैनिक ६ घण्टासम्म सरकारी सूचनाहरू नि:शुल्क प्रसारण गर्नु पर्ने ।

(च) युद्ध वा संकटकालीन समयमा मन्त्रालयले कुनै खास कार्यक्रमहरू मात्र प्रसारण गर्ने गरी निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र प्रसारण गर्नु पर्ने ।

(छ) कार्यक्रम प्रसारण वा वितरण गर्दा कसैको व्यक्तिगत घर, कम्पाउण्ड वा सार्वजनिक जग्गा वा सडक, विजुलीको खम्बा आदि प्रयोग गर्नु पर्ने भए सम्बन्धित व्यक्ति वा निकायसंग सम्झौता गर्नु पर्ने ।

(ज) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्ति र उपभोक्ता बीच कार्यक्रम वितरण तथा उपभोग गर्ने सम्बन्धमा सम्झौता गर्नु पर्ने ।

(झ) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले कार्यक्रम प्रसारणको आरम्भ, बीच र अन्त्यमा आफ्नो परिचय (कल साइन) दिनु पर्ने ।

(ञ) मन्त्रालयले आवश्यक सम्झी तोकी दिएका अन्य शर्तहरू पालन गर्नु पर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

62e

९. प्रसारण गर्न नपाउने: कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले देहायका विषयका कुनै कार्यक्रम प्रसारण गर्न पाउने छैन :

(क) श्री ५ महाराजाधिराज वा राजपरिवार प्रति घृणा वा अपहेलना हुने वा द्वेष बढाउने वा प्रतिष्ठामा आँच पुऱ्याउने ।

(ख) नेपाल अधिराज्यको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने ।

(ग) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने ।

(घ) नेपाल अधिराज्यको सार्वभौमसत्ता र अखण्डतामा आँच पुऱ्याउने ।

(ङ) विभिन्न जात, जाति, धर्म, वर्ण, क्षेत्र, सम्प्रदायका मानिसहरू बीच वैमनश्यता सिर्जना गर्ने वा सामाजिक दुर्भावना फैलाउने ।

(च) अदालतको अवहेलना हुने ।

(छ) सामाजिक विकृति फैलाउने किसिमका अश्लिल सामाग्रीहरू ।

(ज) कुनै व्यक्तिको नाम किटान गरी कसैको मान, मर्यादा वा प्रतिष्ठामा आघात पार्ने सामग्रीहरू ।

(झ) मन्त्रालयले समय-समयमा प्रसारण गर्न नहुने भनी तोकिदिएका अन्य सामग्रीहरू ।

१०. विवरण दर्ता गर्नु पर्ने : (१) इजाजतपत्र तथा अनुमतिपत्रको विवरण मन्त्रालयले अनुसूची-६ बमोजिमको दर्ता किताबमा जनाई राख्नु पर्नेछ ।

(२) इजाजतपत्र तथा अनुमतिपत्रमा उल्लेखित कुनै विवरण नियम १५ बमोजिम बदलिएमा वा इजाजतपत्र तथा अनुमतिपत्रको नवीकरण भएमा समेत मन्त्रालयले उपनियम (१) बमोजिमको दर्ता किताबमा सो व्यहोरा जनाई राख्नु पर्नेछ ।

११. प्रसारण तथा वितरण शुल्क: (१) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफूले गरेको वार्षिक कुल आम्दानीको चार प्रतिशतले हुने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रकम रोयल्टी रूपमा श्री ५ को सरकारलाई बुझाउनु पर्नेछ ।

(२) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले उपभोक्तासंग लिनु पर्ने शुल्क त्यस्तो प्रसारण संस्था वा व्यक्तिको खास हुन गएको खर्चलाई समेत आधार मानी मन्त्रालयले तोकिदिए बमोजिम हुनेछ ।

१२. प्रसारण समय उपलब्ध गराउन सकिने: ऐनको दफा १३ बमोजिमको कुनै कार्यक्रम प्रसारण गर्न चाहने विदेशी प्रसारण संस्था वा संचार माध्यमलाई नियम ९ को अधिनमा रही कार्यक्रम प्रसारण गर्ने समय उपलब्ध गराउन सकिनेछ ।

१३. विज्ञापन प्रसारण गर्न समय उपलब्ध गराउन सकिने : कसैले ऐनको दफा १४ बमोजिम कुनै विज्ञापन प्रसारण गर्न चाहेमा त्यस्तो व्यक्ति, संस्था वा निकायबाट लिइने विज्ञापन दस्तूर सो विज्ञापन प्रसारण गर्न समय उपलब्ध गराउने प्रसारण संस्था वा व्यक्तिको उक्त विज्ञापन प्रसारण गर्दा खास हुन जाने खर्च र सार्क मुलुकका प्रसारण संस्थाहरूले लिने विज्ञापन दस्तूर समेतलाई आधार मानी मन्त्रालयले तोकिदिए बमोजिम हुनेछ ।

१४. प्रसारण सम्बन्धी कार्य बन्द गर्न सक्ने : इजाजतपत्र तथा अनुमतिपत्र प्राप्त प्रसारण संस्था वा व्यक्तिले कुनै कारणवश आफूले प्रसारण गर्दै आएका प्रसारण सम्बन्धी कार्य बन्द गर्न चाहेमा सो कुराको लिखित जानकारी एक महिना अगावै मन्त्रालयलाई दिनु पर्नेछ र मन्त्रालयले पनि सो व्यहोरा नियम १० बमोजिमको दर्ता किताबमा जनाउनु पर्नेछ ।

१५. विवरण बदल्न सक्ने: (१) कसैले इजाजतपत्र तथा अनुमतिपत्रमा उल्लेखित कुनै विवरण बदल्न चाहेमा पाँचसय रुपैयाँ दस्तूर सहित अनुसूची-७ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विवरण बदल्न दिएको निवेदनको व्यहोरा मुनासिब देखिएमा मन्त्रालयले निवेदन बमोजिमको विवरण बदल्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. इजाजतपत्र तथा अनुमतिपत्रको अवधि र नवीकरण दस्तुर: (१) इजाजतपत्र तथा अनुमतिपत्रको अवधि सो इजाजतपत्र तथा अनुमतिपत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गराउन चाहने प्रसारण संस्था वा व्यक्तिले इजाजतपत्र वा अनुमतिपत्र बहाल रहने अवधि भुक्तान नहुँदै नवीकरणको लागि अनुसूची-८ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम इजाजतपत्र वा अनुमतिपत्र नवीकरणको लागि निवेदन दिएमा मन्त्रालयले इजाजतपत्र तथा अनुमतिपत्र दिंदा लाग्ने दस्तूरको दश प्रतिशतले हुने रकम थप गरी त्यस्तो इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गरी दिन सक्नेछ ।

(४) उपनियम (२) बमोजिमको म्याद भुक्तान भएपछि इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गर्न आएमा पहिलो एक महिनासम्मको लागि दश प्रतिशत, दोश्रो एक महिनासम्म बीस प्रतिशत, तेश्रो एक महिनासम्म तीस प्रतिशत, चौथो एक महिनासम्म चालीस प्रतिशत, पाँचौ एक महिनासम्म पचास प्रतिशत र छैठौं एक महिनासम्म शत प्रतिशत जरिवानासमेत लिई मन्त्रालयले त्यस्तो इजाजतपत्र तथा अनुमतिपत्र नवीकरण गरी दिन सक्नेछ । ६ महिना भित्र पनि इजाजतपत्र वा अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र वा अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

१७. इजाजतपत्र वा अनुमतिपत्रको प्रतिलिपि दिने: इजाजतपत्र वा अनुमतिपत्र हराएमा वा दैवी प्रकोप परी मासिएमा वा पुरानो भई च्यातिएमा वा नवीकरण गर्ने ठाउँ समाप्त भएको कारण देखाइ कसैले प्रतिलिपि माग गरेमा मन्त्रालयले पाँचसय रुपैयाँ दस्तूर लिई त्यस्तो इजाजतपत्र वा अनुमतिपत्रको प्रतिलिपि दिन सक्नेछ ।

१८. निरीक्षण तथा छानवीन गर्न सक्ने: (१) ऐन, यस नियमावली वा इजाजतपत्र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा अनुमतिपत्रमा उल्लेखित शर्तहरू बमोजिम कार्यक्रम प्रसारण गरे वा नगरेको सम्बन्धमा मन्त्रालयले वा मन्त्रालयले तोकिदिएको अधिकारीले प्रसारण सम्बन्धी संस्थाको निरीक्षण तथा छानवीन गर्न गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण गरेको नदेखिएमा मन्त्रालयले अवस्थाअनुसार एकपटक शर्तबमोजिम काम गर्न मौका दिन सक्नेछ र त्यसरी मौका दिंदा पनि शर्तबमोजिम काम नगरेको भन्ने पुन: गरिएको निरीक्षण तथा छानवीनबाट देखिएमा मन्त्रालयले त्यस्तो प्रसारण संस्था वा व्यक्तिले प्राप्त गरेको इजाजतपत्र वा अनुमतिपत्र रद्द गर्न सक्नेछ ।

१९. <u>इजाजतपत्र वा अनुमतिपत्र प्राप्त प्रसारण संस्था वा व्यक्ति जवाफदेही हुने :</u> ऐन वा यस नियमावलीबमोजिम कसैले कुनै कार्यक्रम प्रसारण गरेबाट कसैको हक, हित, इज्जत वा प्रतिष्ठामा असर पर्न गएमा त्यसको जवाफदेही सम्बन्धित इजाजतपत्र वा अनुमतिपत्र प्राप्त प्रसारण संस्था वा व्यक्ति नै हुनेछ ।

२०. <u>समिति गठन गर्न सक्ने:</u> ऐन वा यस नियमावलीको उद्देश्य पूर्ति गर्न वा मन्त्रालयले गर्ने कामको सम्बन्धमा सरसल्लाह र सुझाव दिन मन्त्रालयले आवश्यक ठानेमा संचार क्षेत्रमा विशेष ज्ञान भएका व्यक्तिहरू रहेको समिति गठन गर्न सक्नेछ । त्यस्तो समितिको गठन, काम, कर्तव्य र अधिकार तथा अन्य कार्यविधि सो समिति गठन गर्दाको अवस्थामा तोकिदिए बमोजिम हुनेछ ।

२१. <u>सजाय गर्ने अधिकारी:</u> (१) ऐनको दफा १७ बमोजिम सजाय गर्ने प्रयोजनको लागि देहाय बमोजिमको एक समिति रहनेछ:

(क) सचिव, सूचना तथा संचार मन्त्रालय - अध्यक्ष

(ख) कानूनको क्षेत्रमा अनुभव प्राप्त श्री ५ को सरकारको अधिकृतहरूमध्ये मन्त्रालयले तोकेको एकजना - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. प्रसारण गर्न नपाउने: कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले देहायका विषयका कुनै कार्यक्रम प्रसारण गर्न पाउने छैन :

(क) श्री ५ महाराजाधिराज वा राजपरिवार प्रति घृणा वा अपहेलना हुने वा द्वेष बढाउने वा प्रतिष्ठामा आँच पुऱ्याउने ।

(ख) नेपाल अधिराज्यको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने ।

(ग) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने ।

(घ) नेपाल अधिराज्यको सार्वभौमसत्ता र अखण्डतामा आँच पुऱ्याउने ।

(ङ) विभिन्न जात, जाति, धर्म, वर्ण, क्षेत्र, सम्प्रदायका मानिसहरू बीच वैमनश्यता सिर्जना गर्ने वा सामाजिक दुर्भावना फैलाउने ।

(च) अदालतको अवहेलना हुने ।

(छ) सामाजिक विकृति फैलाउने किसिमका अश्लिल सामाग्रीहरू ।

(ज) कुनै व्यक्तिको नाम किटान गरी कसैको मान, मर्यादा वा प्रतिष्ठामा आघात पार्ने सामग्रीहरू ।

(झ) मन्त्रालयले समय-समयमा प्रसारण गर्न नहुने भनी तोकिदिएका अन्य सामग्रीहरू ।

१०. विवरण दर्ता गर्नु पर्ने : (१) इजाजतपत्र तथा अनुमतिपत्रको विवरण मन्त्रालयले अनुसूची-६ बमोजिमको दर्ता किताबमा जनाई राख्नु पर्नेछ ।

(२) इजाजतपत्र तथा अनुमतिपत्रमा उल्लेखित कुनै विवरण नियम १५ बमोजिम बदलिएमा वा इजाजतपत्र तथा अनुमतिपत्रको नवीकरण भएमा समेत मन्त्रालयले उपनियम (१) बमोजिमको दर्ता किताबमा सो व्यहोरा जनाई राख्नु पर्नेछ ।

११. प्रसारण तथा वितरण शुल्क: (१) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफूले गरेको वार्षिक कुल आम्दानीको चार प्रतिशतले हुने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रकम रोयल्टी रूपमा श्री ५ को सरकारलाई बुझाउनु पर्नेछ ।

(२) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले उपभोक्तासंग लिनु पर्ने शुल्क त्यस्तो प्रसारण संस्था वा व्यक्तिको खास हुन गएको खर्चलाई समेत आधार मानी मन्त्रालयले तोकिदिए बमोजिम हुनेछ ।

१२. प्रसारण समय उपलब्ध गराउन सकिने: ऐनको दफा १३ बमोजिमको कुनै कार्यक्रम प्रसारण गर्न चाहने विदेशी प्रसारण संस्था वा संचार माध्यमलाई नियम ९ को अधिनमा रही कार्यक्रम प्रसारण गर्ने समय उपलब्ध गराउन सकिनेछ ।

१३. विज्ञापन प्रसारण गर्न समय उपलब्ध गराउन सकिने : कसैले ऐनको दफा १४ बमोजिम कुनै विज्ञापन प्रसारण गर्न चाहेमा त्यस्तो व्यक्ति, संस्था वा निकायबाट लिइने विज्ञापन दस्तूर सो विज्ञापन प्रसारण गर्न समय उपलब्ध गराउने प्रसारण संस्था वा व्यक्तिको उक्त विज्ञापन प्रसारण गर्दा खास हुन जाने खर्च र सार्क मुलुकका प्रसारण संस्थाहरूले लिने विज्ञापन दस्तूर समेतलाई आधार मानी मन्त्रालयले तोकिदिए बमोजिम हुनेछ ।

१४. प्रसारण सम्बन्धी कार्य बन्द गर्न सक्ने : इजाजतपत्र तथा अनुमतिपत्र प्राप्त प्रसारण संस्था वा व्यक्तिले कुनै कारणवश आफूले प्रसारण गर्दै आएका प्रसारण सम्बन्धी कार्य बन्द गर्न चाहेमा सो कुराको लिखित जानकारी एक महिना अगावै मन्त्रालयलाई दिनु पर्नेछ र मन्त्रालयले पनि सो व्यहोरा नियम १० बमोजिमको दर्ता किताबमा जनाउनु पर्नेछ ।

१५. विवरण बदल्न सक्ने: (१) कसैले इजाजतपत्र तथा अनुमतिपत्रमा उल्लेखित कुनै विवरण बदल्न चाहेमा पाँचसय रुपैयाँ दस्तूर सहित अनुसूची-७ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विवरण बदल्न दिएको निवेदनको व्यहोरा मुनासिब देखिएमा मन्त्रालयले निवेदन बमोजिमको विवरण बदल्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. इजाजतपत्र तथा अनुमतिपत्रको अवधि र नवीकरण दस्तूर: (१) इजाजतपत्र तथा अनुमतिपत्रको अवधि सो इजाजतपत्र तथा अनुमतिपत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गराउन चाहने प्रसारण संस्था वा व्यक्तिले इजाजतपत्र वा अनुमतिपत्र बहाल रहने अवधि भुक्तान नहुँदै नवीकरणको लागि अनुसूची-८ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम इजाजतपत्र वा अनुमतिपत्र नवीकरणको लागि निवेदन दिएमा मन्त्रालयले इजाजतपत्र तथा अनुमतिपत्र दिंदा लाग्ने दस्तूरको दश प्रतिशतले हुने रकम थप गरी त्यस्तो इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गरी दिन सक्नेछ ।

(४) उपनियम (२) बमोजिमको म्याद भुक्तान भएपछि इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गर्न आएमा पहिलो एक महिनासम्मको लागि दश प्रतिशत, दोश्रो एक महिनासम्म बीस प्रतिशत, तेश्रो एक महिनासम्म तीस प्रतिशत, चौथो एक महिनासम्म चालीस प्रतिशत, पाँचौ एक महिनासम्म पचास प्रतिशत र छैठौं एक महिनासम्म शत प्रतिशत जरिवानासमेत लिई मन्त्रालयले त्यस्तो इजाजतपत्र तथा अनुमतिपत्र नवीकरण गरी दिन सक्नेछ । ६ महिना भित्र पनि इजाजतपत्र वा अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र वा अनुमतिपत्र स्वत: रद्द हुनेछ ।

१७. इजाजतपत्र वा अनुमतिपत्रको प्रतिलिपि दिने: इजाजतपत्र वा अनुमतिपत्र हराएमा वा दैवी प्रकोप परी मासिएमा वा पुरानो भई च्यातिएमा वा नवीकरण गर्ने ठाउँ समाप्त भएको कारण देखाइ कसैले प्रतिलिपि माग गरेमा मन्त्रालयले पाँचसय रुपैयाँ दस्तूर लिई त्यस्तो इजाजतपत्र वा अनुमतिपत्रको प्रतिलिपि दिन सक्नेछ ।

१८. निरीक्षण तथा छानवीन गर्न सक्ने: (१) ऐन, यस नियमावली वा इजाजतपत्र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा अनुमतिपत्रमा उल्लेखित शर्तहरू बमोजिम कार्यक्रम प्रसारण गरे वा नगरेको सम्बन्धमा मन्त्रालयले वा मन्त्रालयले तोकिदिएको अधिकारीले प्रसारण संम्बन्धी संस्थाको निरीक्षण तथा छानवीन गर्न गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण गरेको नदेखिएमा मन्त्रालयले अवस्थाअनुसार एकपटक शर्तबमोजिम काम गर्न मौका दिन सक्नेछ र त्यसरी मौका दिंदा पनि शर्तबमोजिम काम नगरेको भन्ने पुन: गरिएको निरीक्षण तथा छानवीनबाट देखिएमा मन्त्रालयले त्यस्तो प्रसारण संस्था वा व्यक्तिले प्राप्त गरेको इजाजतपत्र वा अनुमतिपत्र रद्द गर्न सक्नेछ ।

१९. <u>इजाजतपत्र वा अनुमतिपत्र प्राप्त प्रसारण संस्था वा व्यक्ति जवाफदेही हुने :</u> ऐन वा यस नियमावलीबमोजिम कसैले कुनै कार्यक्रम प्रसारण गरेबाट कसैको हक, हित, इज्जत वा प्रतिष्ठामा असर पर्न गएमा त्यसको जवाफदेही सम्बन्धित इजाजतपत्र वा अनुमतिपत्र प्राप्त प्रसारण संस्था वा व्यक्ति नै हुनेछ ।

२०. <u>समिति गठन गर्न सक्ने:</u> ऐन वा यस नियमावलीको उद्देश्य पूर्ति गर्न वा मन्त्रालयले गर्ने कामको सम्बन्धमा सरसल्लाह र सुझाव दिन मन्त्रालयले आवश्यक ठानेमा संचार क्षेत्रमा विशेष ज्ञान भएका व्यक्तिहरू रहेको समिति गठन गर्न सक्नेछ । त्यस्तो समितिको गठन, काम, कर्तव्य र अधिकार तथा अन्य कार्यविधि सो समिति गठन गर्दाको अवस्थामा तोकिदिए बमोजिम हुनेछ ।

२१. <u>सजाय गर्ने अधिकारी:</u> (१) ऐनको दफा १७ बमोजिम सजाय गर्ने प्रयोजनको लागि देहाय बमोजिमको एक समिति रहनेछ:

(क) सचिव, सूचना तथा संचार मन्त्रालय - अध्यक्ष

(ख) कानूनको क्षेत्रमा अनुभव प्राप्त श्री ५ को सरकारको अधिकृतहरूमध्ये मन्त्रालयले तोकेको एकजना - संदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रमुख, फ्रिक्वेन्सी व्यवस्थापन तथा प्रविधि विश्लेषण महाशाखा, सूचना तथा संचार मन्त्रालय -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिको बैठक लगायत अन्य कार्यविधि मन्त्रालयले तोकिदिए बमोजिम हुनेछ ।

२२. <u>अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने:</u> मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - १ (क)

(नियम ३ संग सम्बन्धित)

**स्याटेलाइट, केबुल वा अन्य संचार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्ने इजाजतपत्रको लागि दिइने**

**निवेदन**

श्री .......................

राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ३ बमोजिम स्याटेलाइट। केबुल वा अन्य संचार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निंवेदन गरेको छु। छौं।

१. निवेदकको,

(क) स्थायी ठेगाना-
जिल्ला:-
नगरपालिका/गा.वि.स.
वडा नं.:-
गाउँ/टोल:-
फोन नं.:-

(ख) अस्थायी ठेगाना-
जिल्ला:-
नगरपालिका/गा.वि.स.
वडा नं.:-
गाउँ/टोल:-
फोन नं.:-

२. निवेदकको नागरिकता:-

३. प्रसारण संस्था वा व्यक्तिको-

(क) नाम:-

(ख) आर्थिक स्थिति (स्थिर तथा चालू पूँजी)

(ग) अनुभव:-

(घ) प्राविधिक दक्षता:-

४. प्रसारण गरिने स्थान:-

५. प्रसारण हुने क्षेत्र र जनसंख्या:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. प्रसारण शुरु हुने मिति:-

७. प्रसारणको माध्यम:-

८. प्रसारणको क्षमता:-

९. प्रसारण गर्दा प्रयोग गरिने फ्रिक्वेन्सी र च्यानेल:-

१०. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरू:-

११. प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसंग गरिएको सम्झौता:-

१२. प्रसारणमा प्रयोग हुने भाषा:-

१३. प्रसारणको समय र समयावधि:-

१४. प्रसारण गरिने कार्यक्रमहरू:-

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको:-

सही:-

नाम:-

मिति:-

दृष्टव्य:- निवेदकले सम्बन्धित विषयमा अनुभवी तथा ख्यातिप्राप्त व्यक्ति वा मान्यताप्राप्त अनुसन्धानात्मक संस्थाबाट आफूले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यावसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई सोको प्रतिवेदन निवेदनसाथ संलग्न गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची- १ (ख)

(नियम ३ सँग सम्बन्धित)

**फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्ने इजाजतपत्रको लागि दिइने**

**निवेदन**

राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ३ बमोजिम फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु । छौं ।

१. निवेदकको,

(क) स्थायी ठेगाना-
जिल्ला:-
नगरपालिका/गा.वि.स.
वडा नं.:-
गाउँ/टोल:-

(ख) अस्थायी ठेगाना-
जिल्ला:-
नगरपालिका/गा.वि.स.
वडा नं.:-
गाउँ/टोल:-

२. निवेदकको नागरिकता:-

३. प्रसारण संस्था वा व्यक्तिको-

(क) नाम:-

(ख) आर्थिक स्थिति (स्थिर तथा चालू पूँजी)

(ग) अनुभव:-

(घ) प्राविधिक दक्षता:-

४. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र:-

५. प्रसारण हुने क्षेत्र र जनसंख्या:-

६. प्रसारण शुरु हुने मिति:-

७. प्रसारणको माध्यम:-

८. प्रसारणको क्षमता:-

९. प्रसारण गर्दा प्रयोग गरिने :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) फ्रिक्वेन्सी:- (ख) बैण्ड:-

(ग) च्यानेल:- (घ) ट्रान्समिटर:-

(ङ) एण्टेना:-

१०. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरू:-

११. प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसंग गरिएको सम्झौता:-

१२. प्रसारणमा प्रयोग हुने भाषा:-

१३. प्रसारणको समय र समयावधि:-

१४. प्रसारण गरिने कार्यक्रमहरू:-

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको:-

सही:-

नाम:-

मिति:-

दृष्टव्य:- निवेदकले सम्बन्धित विषयमा अनुभवी तथा ख्यातिप्राप्त व्यक्ति वा मान्यताप्राप्त अनुसन्धानात्मक संस्थाबाट आफूले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यावसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई सोको प्रतिवेदन निवेदनसाथ संलग्न गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - २(क)

(नियम ४ संग सम्बन्धित)

**स्याटेलाइट, केवुल वा अन्य संचार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्ने**

**इजाजतपत्र**

इजाजतपत्र नं.:-

१. इजजातपत्र पाउने व्यक्ति वा संस्थानको नाम:-

२. ठेगाना:-

(क) स्थायी ठेगाना-
जिल्ला:-
नगरपालिका/गा.वि.स.
वडा नं.:-
गाउँ/टोल:-
फोन नं.:-

(ख) अस्थायी ठेगाना-
जिल्ला:-
नगरपालिका/गा.वि.स.
वडा नं.:-
गाउँ/टोल:-
फोन नं.:-

३. प्रसारण संस्था वा व्यक्तिको नाम:-

४. प्रसारणको माध्यम:-

५. प्रसारणको क्षमता:-

६. प्रसारण गर्दा प्रयोग गरिने:-

(क) फ्रिक्वेन्सी:- (ख) च्यानेल:-

७. प्रसारण गरिने स्थान:-

८. प्रसारण हुने क्षेत्र र जनसंख्या:-

९. प्रसारण शुरु हुने मिति:-

१०. प्रसारणमा प्रयोग हुने भाषा:-

११. प्रसारणको समय र समयावधि:-

१२ प्रसारण गरिने कार्यक्रमहरू:-

१३. इजाजतपत्र बहाल रहने मिति:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

50

१४. अन्य शर्तहरू:-

(क)

(ख)

(ग)

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको

सही:-

नाम:-

दर्जा:-

कार्यालय:-

मिति:-

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तूर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - २(ख)

(नियम ४ संग सम्बन्धित)

**फ्रिक्वेन्सी मोड्युलेशन प्रसारण प्रणालीको स्थापना गरी**

**कार्यक्रम प्रसारण गर्ने**

**इजाजतपत्र**

इजाजतपत्र नं.:-

१. इजजातपत्र पाउने व्यक्ति वा संस्थाको नाम:-

२. ठेगाना:-

| (क) स्थायी ठेगाना- | (ख) अस्थायी ठेगाना- |
|---|---|
| जिल्ला:- | जिल्ला:- |
| नगरपालिका/गा.वि.स. | नगरपालिका/गा.वि.स. |
| वडा नं.:- | वडा नं.:- |
| गाउँ/टोल:- | गाउँ/टोल:- |
| फोन नं.:- | फोन नं.:- |

३. प्रसारण संस्था वा व्यक्तिको नाम:-

४. प्रसारणको माध्यम:-

५. प्रसारणको क्षमता:-

६. प्रसारण गर्दा प्रयोग गरिने:-

(क) फ्रिक्वेन्सी:- (ख) बैण्ड:-

(ग) च्यानेल:- (घ) ट्रान्समिटर:-

(ङ) एण्टेना

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र:-

८. प्रसारण हुने क्षेत्र र जनसंख्या:-

९. प्रसारण शुरु हुने मिति:-

१०. प्रसारणमा प्रयोग हुने भाषा:-

११. प्रसारणको समय र समयावधि:-

१२. प्रसारण गरिने कार्यक्रमहरू:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. इजाजतपत्र बहाल रहने मिति:-

१४. अन्य शर्तहरू:-

(क)

(ख)

(ग)

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको:-

सही:-

नाम:-

दर्जा:-

कार्यालय:-

मिति:-

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तूर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५८

अनुसूची-३

(नियम ५ संग सम्बन्धित)

**स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्ने अनुमतिपत्रको लागि दिइने**

**निवेदन**

श्री....................

राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ५ बमोजिम स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसार गर्ने अनुमतिपत्र पाउनको लागि देहायका विवरणहरू खुलाइ यो निवेदन गरेको छु/छौं ।

१. निवेदकको,

(क) स्थायी ठेगाना-
जिल्ला:-
नगरपालिका/गा.वि.स.
वडा नं.:-
गाउँ/टोल:-
फोन नं.:-

(ख) अस्थायी ठेगाना-
जिल्ला:-
नगरपालिका/गा.वि.स.
वडा नं.:-
गाउँ/टोल:-
फोन नं.:-

२. निवेदकको नागरिकता:-

३. भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्ने व्यक्ति वा संस्थाको :-
(क) नाम:-
(ख) आर्थिक स्थिति (स्थिर तथा चालू पूँजी):-
(ग) अनुभव:-
(घ) प्राविधिक दक्षता:-

४. प्रसारणको लागि गरिने लगानी:-
(क) प्रस्तावित लगानी:-
(ख) लगानीको श्रोत:-

५. प्रसारणबाट हुने आय:-



६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) वार्षिक आय:-

(ख) आयको श्रोत:-

६. कार्यक्रम प्रसारण तथा वितरणको माध्यम:-

(क) स्याटेलाइटसंग अपलिंक गर्ने

(ख) अन्य तरिकाबाट

७. भू-उपग्रह प्रसार केन्द्रको विवरण:-

(क) लिंक गरिने स्याटेलाइट:-

(ख) प्रयोग गरिने फ्रिक्वेन्सी बैण्ड/फ्रिक्वेन्सी

(ग) प्रसारण वितरण गर्ने सतह माध्यम:-

८. प्रसारण गरिने ठाउँ र प्रसारण केन्द्र:-

९. प्रसारण हुने क्षेत्र र जनसंख्या:-

१०. प्रसारण शुरु हुने मिति:-

११. प्रसारणमा प्रयोग हुने भाषा:-

१२. प्रसारणको समय र समयावधि:-

१३. प्रसारण गरिने कार्यक्रमहरू:-

१४. उपकरण आयात गरिने मुलुकको नाम:-

१५. अन्य विवरण:-

(क)

(ख)

(ग)

निवेदकको:-

सही:-

नाम:-

मिति:-

दृष्टव्य:- निवेदकले सम्बन्धित विषयमा अनुभवी तथा ख्यातिप्राप्त व्यक्ति वा मान्यताप्राप्त अनुसन्धानात्मक संस्थाबाट आफूले अनुमतिपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यावसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई सो को प्रतिवेदन निवेदनसाथ संलग्न गर्नु पर्नेछ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४

(नियम ६ संग सम्बन्धित)

**स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्ने**

**अनुमतिपत्र**

अनुमति पत्र नं. :-

१. अनुमतिपत्र पाउने व्यक्ति वा संस्थाको नाम :-

२. ठेगाना :-

| (क) स्थायी ठेगाना | (ख) अस्थायी ठेगाना:- |
|---|---|
| जिल्ला:- | जिल्ला :- |
| नगरपालिका । गा.वि.स. | नगरपालिका । गा.वि.स. :- |
| वडा नं. :- | वडा नं. :- |
| गाउँ । टोल :- | गाउँ । टोल :- |
| फोन नं. :- | फोन नं. :- |

३. अनुमतिपत्र पाउनेको नागरिकता :-

४. भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्ने व्यक्ति वा संस्थाको :-
   (क) नाम:-
   (ख) आर्थिक स्थिति (स्थिर तथा चालू पूँजी) :-
   (ग) अनुभव:-
   (घ) प्राविधिक दक्षता :-

५. भू- उपग्रह प्रसार केन्द्रको :-
   (क) लिङ्क गरिने स्याटेलाइट :-
   (ख) प्रयोग गरिने फ्रिक्वेन्सी बेण्ड फ्रिक्वेन्सी:-
   (ग) प्रसारण वितरण गर्ने सतह माध्यम:-
   (घ) एण्टेना :-
   (ङ) अन्य:-

६. प्रसारणको माध्यम :-

७. प्रसारण गरिने ठाउँ र प्रसारण केन्द्र :-

८. प्रसारण हुने क्षेत्र र जनसंख्या :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. प्रसारण शुरू हुने मिति :-

१०. प्रसारणमा प्रयोग हुने भाषा :-

११. प्रसारणको समय र समयावधि :-

१२. प्रसारण गरिने कार्यक्रमहरू :-

१३. अनुमतिपत्र वहाल रहने अवधि :-

१४. अन्य शर्तहरू:-

(क)

(ख)

(ग)

अनुमति पत्र दिने अधिकारीको

सही:-

नाम:-

दर्जा:-

कार्यालयको छाप

कार्यालय:-

मिति :-

**नवीकरणको विवरण**

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

56

अनुसूची- ५(क)

(नियम ७ को उपनियम (१) संग सम्बन्धित)

**इजाजतपत्र तथा अनुमतिपत्र लिने स्वीकृतिको लागि निवेदन दिंदा लाग्ने दस्तूर**

| | | |
|---|---|---|
| १. | स्याटेलाइट, केबुल वा अन्य संचार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्नको लागि- | रू. २,०००।- |
| २. | फ्रिक्वेन्सी मोडूलेशन प्रसारण प्रणाली स्थापना गरी कार्यक्रम प्रसारण गर्नको लागि - | रू. १, ५००।- |
| ३. | स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसारण केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्नको लागि | रू. ५,०००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - ५(ख)

(नियम ७ को उपनियम (२) संग सम्बन्धित)

**इजाजतपत्र तथा अनुमतिपत्र दिंदा लाग्ने**

**दस्तूर**

| | |
|---|---|
| १. स्याटलाइट वा केबुल सम्बन्धी संचार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्नको लागि | रु. १,००,०००।- |
| २. फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्नको लागि | रु. ७५,०००।- |
| ३. स्याटेलाइट तथा केवुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्नको लागि | रु. ३,५०,०००।- |
| ४. स्याटेलाइट तथा केवुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसार केन्द्रबाट कार्यक्रम प्रसारण गर्न | |
| (क) दश च्यानेल सम्मको लागि | रु. २५,०००।- |
| (ख) दशदेखि बीस च्यानेल सम्मको लागि | रु. ५०,०००।- |
| (ग) बीस च्यानेलदेखि माथिको लागि | रु. ७५,०००।- |
| ५. अन्य संचार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्नको लागि | रु. ५०,०००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -६

(नियम १० को उपनियम (१) संग सम्बन्धित)

**इजाजतपत्र तथा अनुमतिपत्र सम्बन्धी**

**दर्ता किताब**

| सि.नं. | इजाजतपत्र तथा अनुमति पत्र पाउनेको नाम र ठेगाना | इजाजतपत्र तथा अनुमति पत्र दिइएको मिति र किसिम | इजाजतपत्र तथा अनुमति पत्र वहाल रहने अवधि | इजाजतपत्र तथा अनुमति पत्र नवीकरण गर्दा लाग्ने दस्तूर र नवीकरण भएको मिति | इजाजतपत्र तथा अनुमतिपत्र मा कुनै विवरण बदलिएको भए त्यसको व्यहोरा | प्रसारण सम्बन्धी कार्य बन्द गरेको भए त्यसको विवरण र मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची - ७

(नियम १५ को उपनियम (१) संग सम्बन्धित)

**इजाजतपत्र/ अनुमतिपत्रमा उल्लेखित विवरण बदल्नको लागि दिइने निवेदन**

श्री..............

मैले/हामीले मिति ................ मा प्राप्त गरेको इजाजतपत्र/अनुमतिपत्रमा उल्लिखित विवरणहरूमध्ये देहायका विवरणहरू बदल्नु परेको हुँदा राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १५ बमोजिम लाग्ने दस्तूर सहित इजाजतपत्र/अनुमतिपत्रको सक्कल प्रति संलग्न गरी यो निवेदन गरेको छु/छौं ।

विवरण बदल्नु पर्ने कुराहरू

(क)

(ख)

(ग)

(घ)

निवेदकको

सही:-

नाम:-

ठेगाना:-

मिति:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - ८

(नियम १६ को उपनियम (२) संग सम्बन्धित)

**इजाजतपत्र/अनुमतिपत्र नवीकरणको लागि दिइने**

**निवेदन**

श्री...................

मैले/हामीले मिति ................ मा प्राप्त गरेको इजाजतपत्र/अनुमतिपत्रको अवधि मिति .................. मा समाप्त हुने भएकोले सो इजाजतपत्र/अनुमतिपत्र नवीकरण गर्नको लागि नियमानुसार लाग्ने दस्तूर र इजाजतपत्र/अनुमतिपत्रको सक्कलप्रति समेत संलग्न गरी यो निवेदन गरेको छु/छौं ।

निवेदकको,

सही:-

नाम:-

ठेगाना:-

मिति:-

आज्ञाले,

भोजराज पोखरेल

श्री ५ को सरकारको सचिव

मुद्रक:- मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।